स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILYराष्ट्रिय दैनिक



हास्य टेलिसिरियल 'सक्किगोनि'मा जोडिएपछि सागर लम्साल (बले) फिल्ममा निस्क्रियजस्तै देखिए। सन् २०१८ मा रिलिज भएको 'हैरान'पछि उनले ६ वर्ष फिल्म नै गरेनन्। बरु म्यूजिक भिडियोमा देखिए। अब भने उनी फिल्म अभिनयलाई निरन्तरता दिने योजनामा देखिएका छन् । यसैले त आफ्नो कमब्याक फिल्म 'लाज शरणम' प्रदर्शन नहुँदै उनी अर्को फिल्ममा जोडिएका छन् ।

**आजको विचार...**

**निर्धारित...**

*(दुई पेजमा)*

**डा. नारायण प्रसाद सुवेदी**



गायक तथा संगीतकार प्रकाश सपूतलाई संगीत क्षेत्रमा 'हिट मेशिन' भन्ने गरिएको छ। उनका एकपछि अर्को गीत लोकप्रिय हुनुले पनि यसलाई प्रमाणित गर्छ। 'गलबन्दी, 'सकम्बरी, 'कुरा बुझ्न पर्छ' जस्ता उनका थुप्रै गीत जनजिब्रोमा झुन्डिएका छन्। यतिबेला उनको नयाँ गीत चर्चामा छ। त्यो हो, 'साँझ पऱ्यो झमक्क'। यो गीत उनकै डेब्यु निर्देशनमा बनेको फिल्म 'वसन्त'मा समावेश छ। गत शनिबार सार्वजनिक भएको उक्त गीतलाई युट्युबमा लोभलाग्दो भ्यूज मिलेको छ।

❒ वर्ष ३० ❒ अंक १७५ ❒ २०८१ माघ ५ गते शनिबार 18 January 2025, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# अवैध लागूऔषध ओसार-पसार बढ्दो

## एकै दिन १० जना पक्राउ

**रामचन्द्र रायमाझी**

**पाल्पा,** माघ ४/नेपालमा पछिल्लो समय लागूऔषध दुरुपयोग एवं अवैध ओसार-पसार बढ्दो छ । खास गरी साथीभाइको संगत, बेरोजगारी, परिवारको भूमिकामा कमी, पश्चिमा संस्कृतिको प्रभाव, लागूपदार्थको व्यापारबाट छिट्टै धनी बन्ने व्यापारिक चिन्तनका कारण नेपालमा लागूपदार्थको दुरुपयोग एवं अवैध ओसार-पसार बढ्दो रहेको हो ।

देशका विभिन्न स्थानबाट एकै दिन अवैध लागूऔषधसहित १० जना पक्राउ परेका छन् । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार कपिलवस्तु, सुर्खेत, मोरङ, कञ्चनपुर, उदयपुर, कैलाली, झापाका विभिन्न स्थानबाट प्रहरीले उनीहरुलाई पक्राउ गरेको हो । कपिलवस्तुको मायादेवी गाउँपालिका-४ चाकरचौडाबाट अवैध लागूऔषधसहित दुई जनालाई प्रहरीले पक्राउ गरेको छ । ब्राउनसुगर जस्तो देखिने पदार्थ १ सय ४० मिलिग्राम सहित वाणगंगा नगरपालिका-८ बोर्डगाउँका ३५ वर्षीय विकाश परियार र सोही नगरपालिका-४ दरखास्तका ३२ वर्षीय कमल सेनलाई प्रहरीले पक्राउ गरेको हो । प्रहरी चौकी चाकरचौडाबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ आउँदै गरेको ग.८ प ७४४९ नम्बरको स्कुटरमा सवार उनीहरूलाई उक्त पदार्थ सहित पक्राउ गरेको जनाएको छ । यस्तै सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-३ का ३३ वर्षीय हिमाल शाहीलाई अवैध लागूऔषधसहित प्रहरीले पक्राउ गरेको छ । ब्राउनसुगर जस्तो देखिने पदार्थ १ ग्राम १ सय ४० मिलिग्राम सहित उनलाई प्रहरीले पक्राउ गरेको हो । जिल्ला प्रहरी कार्यालय सुर्खेतबाट खटिएको प्रहरीले उनको घर तलासी गर्दा उक्त पदार्थ फेला पारी पक्राउ गरेको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ । यस्तै मोरङको विराटनगर महानगरपालिका-१५ एक नम्बर ढाटबाट अवैध लागूऔषधसहित एक जना पक्राउ परेका छन् । खैरो हेरोइन जस्तो देखिने पदार्थ १ ग्राम ३ सय ६० मिलिग्राम सहित उदयपुर बेलका नगरपालिका-४ रामपुरका ४० वर्षीय सुरज खड्कालाई प्रहरीले पक्राउ गरेको हो । लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय विराटनगरबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ पैदल आउँदै गरेका उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको जनाएको छ । यस्तै कञ्चनपुर, भीमदत्त नगरपालिका-९ खल्लामा अवैध लागूऔषधसहित एक जनालाई प्रहरील पक्राउ गरेको छ । सोही ठाउँका ७७ वर्षीय डबल कठायतलाई अवैध लागूऔषध चरेश जस्तो देखिने पदार्थ ७९ ग्राम ५ सय मिलिग्रामसहित प्रहरीले पक्राउ गरेको हो । इलाका प्रहरी कार्यालय ब्रहमदेवबाट खटिएको प्रहरीले उनको घर तलासी गर्दा उक्त पदार्थ फेला पारी पक्राउ गरेको हो । यसैगरी कञ्चनपुरको भीमदत्त नगरपालिका-११ गड्डाचौकीबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ ७ ग्राम ६ सय ५० मिलिग्राम सहित सोही नगरपालिका-१८ बस्ने २१ वर्षीय मोहन बस्नेतलाई प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय गड्डाचौकीबाट खटिएको प्रहरीले गड्डाचौकीबाट बजारतर्फ जाँदै गरेको म.१ ह १३०५ नम्बरको अटोमा सवार उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो ।





**-बाँकी अन्तिम पेजमा...**

## संक्षिप्त समाचार

### चीनको जनसङ्ख्या घट्ने क्रम जारी

**(रासस/एएफपी)**

**बेइजिङ,** माघ ४/छ दशकभन्दा बढीको जनसङ्ख्या वृद्धिपछि जनसङ्ख्या घट्दो क्रममा रहेको चीनको जनसङ्ख्या सन् २०२४ मा लगातार तेस्रो वर्ष जनसङ्ख्या घटेको र छ दशकभन्दा बढीको जनसङ्ख्या वृद्धिपछि घट्दो क्रममा रहेको बताएको छ । कुनै समय विश्वको सबैभन्दा बढी जनसङ्ख्या भएको देश चीनलाई सन् २०२३ मा भारतले उछिनेको थियो र बेइजिङले अनुदान र प्रजनन पक्षधर प्रचारप्रसारमार्फत घट्दो जन्मदरलाई बढावा दिन चाहेको थियो । सन् २०२३ मा एक अर्ब ४१ करोड जनसङ्ख्या रहेको चीनको जनसङ्ख्या सन् २०२४ को अन्त्यसम्ममा एक अर्ब ४० करोड ८० लाख पुगेको बेइजिङको राष्ट्रिय तथ्याङ्क विभागले जनाएको छ । सन् २०२२ को तुलनामा यो गिरावट कम तीब्र रहेको तथ्याङ्कले देखाएको छ । चीनले सन् १९८० को दशकमा अत्यधिक जनसङ्ख्याको डरका कारण लागू गरेको 'एक सन्तान नीति' सन् २०१६ मा अन्त्य गरेको थियो र सन् २०२१ मा एक दम्पतीले तीन सन्तान जन्माउन पाउने बनाएको थियो । तर यसले लामो समयदेखि आर्थिक वृद्धिको चालकको रूपमा आफ्नो विशाल श्रमशक्तिमा निर्भर रहेको देशको जनसाङ्खिकीय गिरावटलाई उल्टाउन असफल भएको छ । धेरैले जन्मदर घट्नुको मुख्य कारण जीवनयापनको बढ्दो लागतका साथै श्रमशक्तिमा जाने र उच्च शिक्षा हासिल गर्ने महिलाको बढ्दो सङ्ख्या रहेको बताएका छन् । 'इकोनोमिस्ट इन्टेलिजेन्स युनिट'का अनुसार सन् २०३५ सम्ममा चीनको कूल जनसङ्ख्याको करिब एक तिहाइ जनसङ्ख्या ६० वर्षमाथिको मानिसको हुनेछ । शुक्रबार सार्वजनिक गरिएको तथ्याङ्कअनुसार अहिले ६० वर्ष वा सोभन्दा बढी उमेर समूहको जनसङ्ख्या ३१ करोड ३१ लाख पुगेको छ ।

# पुसमै पाक्यो 'चैते काफल'



**तुलसीपुर,** माघ ३/चैतमा पाक्ने काफलको परिचय फेरिँदै गएको छ । विगतमा चैतमा मात्रै फल्ने भएकाले चैते काफल भन्ने गरिएकामा अचेल पुष माघमै फल्ने थालेपछि के भन्ने भनेर अन्योलको स्थिति छ । हुन त धेरैतिर बाट यस्ता खबरहरू आउने भएकाले आजभोलि कतिपयका लागि यो आश्चर्यको विषय होइन तर दाङको तुलसीपुर उपमहानगरपालिका-१९ छिल्लीकोटमा भने धेरै जना आश्चर्यचकित छन्, किनकि यहाँ पुषमै काफल पाक्न थालेको छ । विगत वर्षदेखि यस क्षेत्रमा कुनै वर्ष कि चैतभन्दा पछि, कि त त्यसअघि नै काफल पाक्न थालेपछि धेरैलाई अचम्म लाग्न थालेको हो । 'गएको वर्ष जेठसम्म पनि चैते काफल नपाकेको छिल्लीकोटमा यस वर्ष भने पुसमै पाकेको छ । यस्तो कहिल्यै हुन्थेन । यो के अचम्म भएको हो ?', आश्चर्य मान्दै स्थानीय प्रवीर पुनले भने । केही वर्षअघिसम्म चैते काफल चैतमै पाक्ने गरेको भए पनि पछिल्लो समय कहिल्यै अघि र कहिल्यै पछि पाक्दा आफूहरू अचम्मित भएको उनको भनाइ छ । यस वर्ष पुसमै काफच चाख्न पाएको पुनले जानकारी दिए ।

**-बाँकी अन्तिम पेजमा...**



पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## डिजिटल सुरक्षा र बढ्दो चुनौती

विश्व विज्ञान प्रविधिको युगमा छ । डिजिटल प्रविधिका कारण विश्व नै साँघुरो बनेको छ । अहिले मानिसको दिनचर्यामा सबैभन्दा बढी प्रभाव डिजिटल उपकरणले पारेको देखिन्छ । इन्टरनेट र सामाजिक सञ्जाल जस्ता डिजिटल दुनियाँबिना अधिकांशको दैनिकी नै चलाउन गाह्रो बन्दै गएको छ । मानिसको आधारभूत आवश्यकता जस्तै बन्दै गएको डिजिटल दुनियाँका कतिपय फाइदा पनि होलान् तर पछिल्लो समय यसले सिर्जना गरेका समस्या पनि विकराल बन्दै छन् । विशेष गरी, युवापुस्तामा डिजिटल उपकरणहरूको लत बस्दै जाँदा यसले समस्या सिर्जना गरेको छ । अन्य नशालु पदार्थहरूको सेवन गरेसरी युवा यसको लतमा फसेका छन् । यसबाट उम्किन उनीहरूलाई गाह्रो बन्दै गएको छ । यस्ता उपकरणको अत्यधिक प्रयोग गर्दा विभिन्न किसिमका मानसिक, शारीरिक एवं स्वास्थ्यसँग सम्बन्धित समस्या देखा पर्न थालेका छन् । डिजिटलको सही प्रयोगले राम्रो गरे पनि यसको दुरुपयोग गर्दा भने समाजमा थप चुनौतीका रुपमा देखा परेको छ । यसको दुरुपयोग गरी मानिसमा त्रास फैलाउने, धम्की, फिरौती, अपहरण जस्ता घटना पनि उल्लेख्य वृद्धि भइरहेका छन् । आपराधिक घटनामा समेत डिजिटल प्रविधिको प्रयोग अत्याधिक भएको पाउन सकिन्छ । यो अत्यन्त गलत हो । मानिसले डिजिटल प्रविधिको सही प्रयोगका कारण आर्थिक समृद्धि हासिल गर्न सक्छ तर गलत प्रयोगले समाजलाई नै गलत बाटोमा पुऱ्याउन्छ ।

डिजिटल नेपालको लक्ष्यतर्फ अग्रसर नेपालका निम्ति साइबर अवरोध र सुरक्षामा समस्या आई नै रहेका छन् । पछिल्लो समय बैंकिङ् क्षेत्रमा गरिने अनलाईन कारोबारमा चोरीका घटनाहरु बढ्नुले समेत डिजिटल सुरक्षाको गम्भीर चुनौती देखिएको छ । डिजिटल नेपालको लक्ष्य पूरा गर्न डिजिटल सुरक्षामा अब झनै गम्भीर हुनैपर्ने सन्देश पनि हो । हरेक क्षेत्रका आ–आफ्नै गुण र दोष भए जस्तै डिजिटल क्षेत्रका समेत लाभ र हानिलाई पहिल्याउनु अहिलेको आवश्यकता हो । नयाँ नयाँ खोज एवं आविष्कारका सूचना प्राप्त गर्न, अध्ययन अध्यापन तथा खोज अनुसन्धानमा सहयोग पुऱ्याउन, पुराना सम्बन्धलाई ताजा बनाई राख्न, टाढा रहेका आफन्त, साथीभाइ तथा छरछिमेकलाई नजिक ल्याउन, सुख सबैसँग बाँड्न, दुःखमा सहारा बटुल्न आदिका लागि सामाजिक सञ्जाल एउटा माध्यम बन्न सक्नेमा दुईमत छैन । तथापि विज्ञानका उपलब्धि सकारात्मक कर्ममा उपयोग गरिए वरदान र नकारात्मक कर्ममा प्रयोग गरिए अभिशाप बन्ने तथ्यलाई भुल्न भने हुँदैन ।

### Opinion @ Social Network

मरेपछि त घारोले हिर्काउँछन् आफन्त ज्यूँदो हुँदा खुट्टा तान्न आउनु के नौलो कुरो होर ।
*बिक्रम थापाको फेसबुकबाट ;https://www.facebook.com/Bikram. Thapa*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# निर्धारित समयभित्रै पूर्वाधार बनाउन विकास संकटकाल



डा. नारायण प्रसाद सुवेदी

नेपालले योजनाबद्ध विकासका प्रयासबाट ६७ वर्षमा थुप्रै उपलब्धि हासिल गरे पनि अपेक्षित लक्ष्य प्राप्त गर्न सकिएको छैन । 'समृद्ध नेपाल, सुखी नेपाली' राष्ट्रिय लक्ष्य प्राप्तिका लागि योजना तर्जुमा, खरिद प्रक्रिया, कार्यान्वयन र समग्र विकास प्रक्रियामा पुनरावलोकन आवश्यक छ । अहिलेको योजना तर्जुमा, खरिद प्रकिया, कार्यान्वयन र समग्र विकास प्रक्रिया समेतलाई गहिरोसँग पुनरावलोकन गर्न आवश्यक छ । अपेक्षाकृत सुधार र प्रगति प्राप्त गर्न केही ठूला योजना तर्जुमा गरिए तापनि नेपालको विकास प्रक्रियामा अव्यवस्थित, असङ्गठित, अवैज्ञानिक तथा पर्याप्त पूर्व तयारी विना हुने कार्यान्वयनका कारण नागरिकको अपेक्षा बमोजिमका परिणामहरू प्राप्त हुनसकेका छैनन् । अहिलेसम्म १० पञ्चवर्षीय र ५ त्रि-वर्षीय योजनाहरू कार्यान्वयन भएका छन् । नेपाललाई २०२६ सम्म विकासशील राष्ट्रमा स्तरोन्नति गरी २०३० सम्म दिगो विकासका लक्ष्य हासिल गर्ने लक्ष्य राखिएको छ । हाल १६औं पञ्चवर्षीय योजना (२०८१/८२-२०८५/८६) कार्यान्वयनमा छ । नेपाल सरकारले आव २०६८/६९ देखि आर्थिक, सामाजिक विकासमा योगदान पुऱ्याउने रणनीतिक महत्वका पूर्वाधार र संरक्षण योजनाहरूलाई राष्ट्रिय गौरवका आयोजनाका रूपमा घोषणा गरेको हो । हालसम्म २७ आयोजना ( यातायात ७, सिंचाइ ६, विद्युत् ४, विमानस्थल ३, खानेपानी १, अन्य ६) सूचीकृत छन् । करिब ३३ खर्ब रुपैयाँ अनुमानित खर्च भएका यी उच्च प्राथमिकताका आयोजनाहरूका लागि वार्षिक विकास कार्यक्रम अन्तर्गत आवश्यक बजेट सुनिश्चित गरिन्छ । राष्ट्रिय गौरवको मेलम्ची आयोजना २०५५/५६ देखि कार्यान्वयनमा रहेको छ र २३ वर्षपछि सम्पन्न हुने अवस्थामा छ । यद्यपि, अन्य परियोजनाहरू जस्तै पश्चिम सेती जलविद्युत् समेत लामो समयदेखि अलपत्र छन्, जसले नेपालको योजनाबद्ध विकासमा गति दिन सकेको छैन । वर्तमान कानूनी व्यवस्था र कार्यान्वय

नशैलीका कारण राष्ट्रिय लक्ष्य सहजै प्राप्त गर्न सकिँदैन । यसले राष्ट्रिय गौरवका आयोजना भने पनि कार्यान्वयन र प्रगति अवस्था र प्राप्त उपलब्धि हेर्दा राष्ट्रिय गौरव गर्न लायकको नभएको स्वत: सिद्ध हुन्छ ।

**अपेक्षित विकास हुन नसक्नुका कारण :** योजनाबद्ध विकासका सात दशकको प्रयासले गरिबी न्यूनीकरणमा उल्लेखनीय प्रगति गरेको छ । कृषि, सिंचाइ, ऊर्जा, पर्यटन, शिक्षा, महिला सशक्तीकरण, सामाजिक समावेशीकरण र स्वास्थ्य सेवाको विस्तारमा सकारात्मक उपलब्धि भए पनि समग्र उपलब्धिमा सन्तोषजनक अवस्था छैन । निष्पक्ष र क्षमतामा आधारित व्यक्तिलाई जिम्मेवारी दिन जरूरी देखिन्छ । स्थायी संस्थाहरू दलीय प्रभावबाट मुक्त नभएसम्म व्यावसायिकता र प्रभावकारिता हासिल गर्न कठिन छ । विकास आयोजनामा अपेक्षित उपलब्धि नहुनुका कारण निम्नलिखित छन् : (१) राष्ट्रिय गौरव, रूपान्तरणकारी एवं ठूला आयोजनाहरूको स्पष्ट सूचक (की-इन्डिकेटर), मापदण्डका आधारमा परिभाषित एवं वर्गीकृत हुन नसक्नु । (२) राष्ट्रिय गौरव र रूपान्तरणकारी योजनाका आधार, प्रभाव, आकार, समयसीमा, बजेट सीमा, कार्यान्वयन तरिका र मोडालिटी समेत प्रष्ट नहुनु । (३) प्रविधिको प्रयोग, आयोजनाको विशिष्टता वा नेपाली मौलिकताका अन्य पक्षलाई आधार मानेर राष्ट्रिय गौरवका आयोजनाको घोषणा नगरिनु । (४) कार्यान्वयन विधिमा विशिष्टता नहुनु, व्यवहारमा ठोस प्रतिबद्धता नदेखिनु, विशिष्टीकृत ऐन, कानून तथा संरचनागत व्यवस्था नहुनु । (५) ठेक्का/बोलपत्र आह्वान पूर्व गर्नुपर्ने पूर्वतयारीका (विस्तृत डिजाइन, सर्वेक्षण, जग्गा प्राप्ति, साइट क्लियरेन्स एवं पहुँच मार्ग लगायत) कामहरू पूर्णरूपले समयमै सम्पन्न नहुनु । जस्तै २००२ तिर अवधारणा विकास भएको हुलाकी मार्गको प्रगति अझै आधा नपुग्नु । (६) कतिपय आयोजना (जस्तै द्रुतमार्ग) को कार्यान्वयन सञ्चालन मोडालिटीमै झण्डै एक दशक जति अलमल हुनु जसले गर्दा आयोजनाको प्रारम्भिक लागत करिब १११ अर्बबाट बढेर २१४ अर्ब पुग्नु । (७) कतिपय आयोजना (जस्तै मध्यपहाडी लोकमार्ग) को पूर्ण रूपमा डिजाइन तथा अलाइनमेन्ट नै निर्धारण नगरी कार्यान्वयनमा लगिनु, साथै पटक-पटक अलाइनमेन्ट परिवर्तन गरिनु । (८) स्रोतको सुनिश्चितता नभई आयोजना कार्यान्वयनमा लगिनु र कार्यान्वयनको समयमा समेत बजेटको अभाव हुनु । (९) उपयुक्त व्यक्तिलाई उपयुक्त समयमा उपयुक्त जिम्मेवारी नदिइनु साथै प्राविधिक तथा दक्ष जनशक्तिको समुचित व्यवस्थापन हुन नसक्नु । (१०) गुरुयोजना, आवधिक योजना र दिगो विकास लक्ष्यहरू बीच तादाम्यता कायम गर्न नसक्नु, जग्गा प्राप्तिमा कानूनी, प्रक्रियागत र व्यावहारिक जटिलता कायम नै रहनु । (११) अव्यवस्थित रूपमा भू-उपयोग हुनु । (१२) आयोजनाको प्राथमिकीकरणलाई यथार्थपरक बनाउन नसक्नु । (१३) निर्णय प्रकियामा ढिलाइ हुनु । (१४) स्रोत व्यवस्थापनको वैकल्पिक तरिका/मोडेलहरू (जस्तै प्रत्यक्ष वैदेशिक लगानी, सार्वजनिक निजी साझेदारी, मिश्रित वित्त, जलवायु वित्त, शून्य कार्बन बजेट तथा इन्जिनियरिङ प्रोक्युरमेन्ट, कन्स्ट्रक्टिङ एण्ड फाइनान्सिङ कन्ट्रयाक्ट आदि) लाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउन नसक्नु । (१५) सार्वजनिक खरिद सम्बन्धी प्रावधानहरू जटिल हुनु । विशेष प्रकृतिका आयोजना निर्माण सम्बन्धमा प्रचलित कानून अस्पष्ट, अव्यावहारिक तथा अमैत्री हुनु । (१६) कतिपय आयोजनाका क्रियाकलापहरूको चरणबद्ध एवं समानान्तर रूपमा निर्माण हुन नसक्नु । (१७) अनुगमन प्रतिवेदनमा सुझाइएको विषय कार्यान्वयन नहुनु/नगर्नु । (१८) निर्णय हुने तर कार्यान्वयन नहुनु र निर्णय कार्यान्वयनको निरन्तर फलोअप नहुनु । (१९) प्राय: सम्पन्न आयोजनाहरूको असर र उपलब्धि मूल्याङ्कन गरी प्राप्त पृष्ठपोषणका आधारमा भविष्यमा निर्माण हुने आयोजनाको सुधार गर्ने संस्थागत व्यवस्था नगरिनु ।

(२०) मुआब्जा विवादका कारण करिब दुई दशकसम्म पनि कतिपय प्रसारण लाइन निर्माण गर्न नसक्नु साथै अन्य आयोजना पनि समयमै सम्पन्न हुन नसक्नु ।

**के हो विकास संकटकाल ?**

विकास संकटकाल भनेको कुनै पनि विकास परियोजना समयमा, तोकिएको लागत, लक्ष्य र उद्देश्य पूरा हुने गरी कार्यान्वयन गर्न आवश्यक विशेष कानूनी व्यवस्था र प्रणाली सुनिश्चित गर्ने प्रक्रिया हो । यसका विशेषताहरूमा आयोजना पहिचान र तर्जुमा, छुट्टै कानूनी र व्यवस्थापकीय प्रबन्ध, दृढ नेतृत्व र स्रोत व्यवस्थापन, छरितो खरिद प्रक्रिया, स्वायत्तता सहितको अधिकार र स्वतन्त्र जिम्मेवारी, जनशक्ति र बजेट सुनिश्चिततालाई लिन सकिन्छ । समग्रमा, छोटो र चुस्त खरिद प्रक्रिया सहित सार्वजनिक निकायलाई स्वायत्तता र अधिकार दिने जिम्मेवारी र तत्काल कार्यान्वयन हुने व्यवस्था सहित विकास परियोजनालाई तीव्रगतिमा अघि बढाउने पर्याप्त अवस्थाको सुनिश्चितता नै विकास संकटकाल हो । यसरी, विकास संकटकालले नेपालमा दिगो विकासको लागि सशक्त आधार तयार गर्नेछ । नेपालमा ६ पटक राजनीतिक व्यवस्था र सात वटा संविधान परिवर्तन हुँदा पनि अपेक्षित आर्थिक वृद्धि हुन नसकेर अतिकम विकसित राष्ट्रबाट हुने स्तरोन्नतिलाई दिगो र टिकाउ राख्न राष्ट्रिय आवश्यकता अनुरूपका विकासका क्षेत्रहरू समेटी अतिकम विकसित राष्ट्रबाट स्तरोन्नति सम्बन्धी सहज स्थानान्तरण रणनीति, २०८० तर्जुमा गरिएको छ । गरिबले आर्थिक वृद्धिको लाभ नपाएसम्म देश समृद्ध हुन सक्दैन । जसका लागिह पहिलो, विकासलाई जनताको आवश्यकतासँग जोड्नह दोस्रो, वातावरण र अवस्था अनुसारको विकास मोडेल अपनाउनह तेस्रो, जीवनस्तरसँग समन्वय गर्न र चौथो, विकासको प्रतिफल सबै क्षेत्रमा समान वितरण सुनिश्चित गर्न आवश्यक छ । यसले जनतामा आशा जागृत गर्न सकिन्छ र आयमा सन्तुलित वृद्धि सम्भव हुन्छ । यसले बहुपक्षीय सामाजिक गरिबीको चक्र तोड्न मद्दत पुऱ्याउँछ, विकासमा योगदान पुऱ्याउँछ र आर्थिक समृद्धिको बाटो पछ्याउँछ । उच्च प्रतिफल दिने भौतिक पूर्वाधार समयमै निर्माण, व्यवस्थापन र सञ्चालन गर्दा मात्रै आर्थिक वृद्धिको यात्रा सहज हुने देखिन्छ । तर सडक, विद्युत्, खानेपानी, सिंचाइ लगायत पूर्वाधारका प्राय:जसो आयोजना पूर्व निर्धारित समयावधिमा सम्पन्न हुन नसक्दा एकातिर निर्माण लागत बढ्ने सम्भावना हुन्छ भने अर्कोतिर आयोजना सम्पन्न भएपश्चात् वार्षिक रूपमा प्राप्त हुनसक्ने प्रतिफल (रिटर्न, आय) बाट समेत वञ्चित हुन गई दोहोरो तर्फबाट नै आर्थिक समृद्धिको यात्रामा धक्का पुग्ने देखिन्छ । यसले गर्दा देशको अर्थतन्त्र रेमिट्यान्स र आयातमा मात्रै निर्भर हुन गई संकटोन्मुख अवस्थामा रहेको छ । तसर्थ देशलाई संकटबाट बाहिर निकाली द्रुततर आर्थिक विकासको लय समात्न विद्यमान समग्र प्रक्रिया एवं वातावरणबाट असम्भव हुने भएकोले विशेष प्रावधान/व्यवस्था सहितको विकास संकटकाल एकमात्र विकल्प देखिएको हो । तसर्थ यस्ता राष्ट्रिय गौरवका ठूला परियोजनाहरूको निश्चित समयावधि भित्र निर्दिष्ट लक्ष्य हासिल गर्ने गरी निर्माण र व्यवस्थापन गर्न हालका नियम, कानुन, स्थानीय वातावरण, वित्तीय स्रोत र संगठनात्मक अवस्थाबाट सम्भव छैन । तसर्थ उपयुक्त विकासमैत्री वातावरण, आवश्यक नीति, ऐन, कानून, संगठनात्मक संरचना, विकास कार्यसँग सम्बन्धित प्राविधिक तथा अधिकारीहरूको उच्च मनोबल एवं सीप, क्षमता, इमानदारी, नैतिकता, बौद्धिकता, जिम्मेवारी, जवाफदेहीको सम्मान, पहिचान र मूल्यांकन गर्ने अवस्थाको सिर्जना गर्न निम्नबमोजिम विकास संकटकाल घोषणा आवश्यक देखिन्छ : आगामी २०२६ पछि अतिकम विकसित मुलुकका रूपमा नेपालले विश्वव्यापार संगठन (डब्लुटीओ) बाट पाइरहेको सुविधा र सहयोग कटौती हुनसक्ने भएकोले सोको लागि तयार हुन पनि आफ्नै खुट्टामा उभिने गरी देशभित्र तीव्र आर्थिक वृद्धिको वातावरण सिर्जना गर्न ।

तोकिएको समयावधिभित्रै पूर्वाधार निर्माण सम्पन्न गर्न । यसरी छिरोलिएको गन्तव्य, अस्थिर तथा अस्पष्ट नीति, अपर्याप्त कानूनी व्यवस्था तथा सांगठनिक संरचना, आर्थिक असन्तुलन, अविकसित पूर्वाधार र सामाजिक चुनौतीबाट दीर्घकालीन विकास योजनाहरूमा बाधा पुगेका कारणले नेपालमा विकास संकटकालको औचित्य थप पुष्टि भएको पाइन्छ । विकास संकटकालको अवधारणाले नेपालमा ठूला परियोजनाहरूको कार्यान्वयनमा गति दिनेछ । दीर्घकालीन आर्थिक वृद्धि र सामाजिक विकासको मार्गप्रशस्त गर्न राजनीतिक र नीतिगत स्थायित्व, कानुनी व्यवस्थामा सुधार, स्रोतको सुनिश्चितता र दक्ष जनशक्तिको सही व्यवस्थापन हुनेछ । नेपालमा देखिएका विकास समस्या समाधान गर्दै राष्ट्रिय लक्ष्य प्राप्त गर्न विकास संकटकाल (डेभलपमेन्ट इमर्जेन्सी) को अपरिहार्यता देखिन्छ ।

***-अनलाइन खबर डटकम***

## महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| **प्रहरी कार्यालय** | ५४०२०१ | रेडक्रस बुटवल ५४१००४ | रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७ |
| बुटवल ०७१-५४०२२२ | भिमअस्पताल भैरहवा ०७१-५२०१९३ | लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५ | रेडक्रस गुल्मी ०७९-५२०१६३ |
| स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९ | मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९ | मेडिटेक अस्पताल ५४९०७२ | नेपाल परिवार नियोजन संघ ०७१-५४००८१ |
| बुटवल रामनगर ०७१-५४१२३३ | परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३ | कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४० | लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१ |
| भैरहवा ०७१-५२०१९९ | पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४ | आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९ | नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९ |
| अर्घाखाँची ०७७-५२११९९ | लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१ | रामपुर अस्पताल: ०७५-४००१५४ | जनसेवा क्लब नयाँमिल ११५७०२१२४६ |
| गुल्मी ०७९-५२०१९९ | पिचन्द्र परासी ०७८-५२०१८८ | **एम्बुलेन्स न.** | लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८ |
| परासी ०७८-५२०१९९ | भैरहवा आँखा अस्पताल ०७१-५२०२६५ | रोटरी क्लब बुटवल ०७१-५४४६०० | बनगाई क्लब बनगाई ०७६-६९०१०२ |
| तौलिहवा ०७६-५६००९९ | अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७ | लियो क्लब अफ बुटवल ०७१-५४५८९३ | रेडक्रस देवदह ०७१-५७७०९९ |
| पाल्पा ०७५-५२०५३६, ५२०१९९ | तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८ | रेडक्रस भैरहवा०७१-५२०२६३ | लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४० |
| इप्रका रामपुर ०७५-६९१५१५ | तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२०० | रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४ | बुटवल जेसिस ९८४७१२९९६४ |
| **अस्पताल कार्यालय** | सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५० | परासी ०७८-५२०१२५ | न्यू एकता क्लव तानसेन : ०७५-५२२२०० |
| लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८ | बुटवल हस्पितल ०७१-५४६४३२ | रेडक्रस पाल्पा ०७५-५२०६०० | परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५ |
| लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, | लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१ | रेडक्रस तौलिहवा ०७६-५६००१५ | रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४ |

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : मान प्रतिष्ठामा वृद्धि होला । समाजिक कार्यमा मन जानेछ । | **तुला** : भाग्यले विभिन्न अवसर जुराउनेछ। मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ । |
| **वृष** : शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । | **वृश्चिक** : बन्न लागेको काम बिग्रिनेछ। अधिकार प्राप्तिका लागि संघर्ष गर्नुपर्ला। |
| **मिथुन** : शुभकार्यको चर्चा चल्नेछ । चलाखीपूर्ण बोलीले कार्य सिद्ध हुनेछ । | **धनु** : दैनिक कार्यमा प्रगति हुनेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ। |
| **कर्कट** : आँटेको काम बिग्रनेछ । आफूलाई कमजोर भएको अनुभूति हुनेछ । | **मकर** : शत्रुमाथि विजय प्राप्त हुन सक्छ । कृषिक्षेत्रका काममा मन जानेछ। |
| **सिंह** : आफन्तको प्रगतिमा मन रमाउने छ। विशिष्ट व्यक्तिको सहयोग पनि पाइनेछ। | **कुम्भ** : समाजसेवामा मन लाग्नेछ । आर्थिक क्षेत्रमा राम्रो सफलता मिल्ला । |
| **कन्या** : लाभदायक योजना बन्नेछ । सांस्कृतिक क्षेत्रमा रुचि बढ्नेछ । | **मीन** : सोचेजस्तो प्रगति गर्न धेरै समय दिनुपर्ला, तर मन्दिरको भ्रमण हुनसक्छ। |

# साहित्य दर्पण

छोटो कथा — यम रेग्मी

## कालो धन

महीनाभरिको पतिपत्नीले भ्रष्टाचार गरेर कमाएको पैसाको चाङ पति घनश्याम गन्दै थिए । यसै क्रममा राधा मधुर स्वरलेले बोलिन्, "ए हजुर सुन्नुहोस् त ?" "के मैयाँ ?" घनश्याम लाखको गड्डी गन्दै बोले । राधा लाखको गड्डीले हाते पङ्खा हल्लाएझैँ मुखको वरिपरि हल्लाउँदै बोलिन्, "ए मेरो हजुर यता हेरिसियो न ?" घनश्याम गन्दै गरेको पैसालाई रोके, उदाउँदै गरेको सुन्दर चन्द्र झैँ श्रीमतीको सुन्दर अनुहारतिर पुलुक्क हेरे । मन्द मुस्कुराउँदै बोले, "के हो भन न त प्राण प्यारू ?" राधा आफ्नो अगाडि दशौं लाखका गड्डी हातमा लिँदै बोलिन्, "आजको मितिदेखि हजुरले बक्सिस पाएको उपहार ठूलो छोराको खाता खोलेर राखिस्यो । मैले बक्सिस पाएको पैसा सानो छोराको खाता खोलेर राखिदिन्छु, हुन्छ हजुर ?" "किन ?" घनश्याम प्रेमले लडिएका आँखाले श्रीमतीतिर हेर्दै बोले । राधाले हल्का आँखा झुकाउँदै बोलिन्, "छोराहरू पैसाको महत्त्व बुझ्ने भइसकेपछि उनीहरूलाई कगचउचष्कभ दिनु परेन ?" श्रीमतीको प्रस्ताव घनश्यामलाई उत्तम लाग्यो । उनले सहर्ष रूपमा स्वीकार गरे । घनश्याम र राधा दुवै उच्च तहका सरकारी कर्मचारी थिए । उनीहरू दुवैको राष्ट्रपति, प्रधानमन्त्री, प्रशासक प्रमुख लगायतका अति उच्च व्यक्तिहरूसँग घनिष्ठ सम्बन्ध थियो । देशमा जुनसुकै सरकार आओस् उनीहरूलाई केही फरक पर्दैनथ्यो । उनीहरूकै डिजाइनमा नेतादेखि राष्ट्रपतिसम्म चलिरहे । निरन्तर भ्रष्टाचार गरिरहे । उनीहरूका दुई भाइ छोरा थिए । दुवै छोरालाई केन्द्रको उच्च संस्थागत विद्यालयमा शिक्षा दिए । जेठो छोरो आठमा पढ्थ्यो । कान्छो छोरो चारमा पढ्थ्यो । उनीहरूले काठमाडौंमा घडेरी जोडे । विशाल दरबार बनाए । गाउँमा प्रशस्त सम्पत्ति जोडे । राधाले कुनै दिन सम्पत्ति विवरण बुझाउन पर्ला भनेर भ्रष्टाचार गरेको आधा पैसा त माइतीमा पठाइदिइन् । महीनाभरि भ्रष्टाचार गरी कमाएको पैसाको हिसाब किताब उनीहरूले महीनाको अन्तिम दिन गर्थे । त्यस दिनदेखि आफूहरूले परिश्रम गरेर कमाएको पैसाले घरव्यवहार चलाउन थाले । भ्रष्टाचार गरेर कमाएको पैसा छोराहरूको खातामा जान थाल्यो । उनीहरूलाई त्यो पैसाको कहिले जरूरत परेन । प्रति महीना लाखौं लाख जम्मा गर्थे । कहिले पनि कति जम्मा भयो भनेर बैंकमा सोध्न गएनन् । दिनहरू बित्दै गए । १२ पासपछि घरपरिवार, आमाबुवा, धनसम्पत्ति केही नभनी जेठो छोरो आयाम अमेरिका हानियो । केही वर्षपछि कान्छो छोरो आभास अस्ट्रेलिया भासियो । दुवै छोराले उतै विवाह गरे । उतै छोराछोरी जन्माए । सदाको लागि उतै बस्न थाले । पैसाले मानिसलाई कहिले पुग्दैन भनेझैँ छोराहरू विदेश गए पनि भ्रष्टाचार गरिरहे । माघे संक्रान्ति घरघरमा आइसकेको थियो । विशेषगरी थारू बस्तीमा खुशीको रौनक छाइसकेको थियो । उनीहरूको अफिस भने तीन दिनको लागि बिदा भयो । पुस मसान्तको दिन थियो । राधा भान्सामा तल्लीन थिइन् । घनश्याम टिभी खोलेर विश्व समाचार हेरिरहेका थिए । राधा लोग्नेको हातको रिमोट आफ्नो हातमा लिँदै बोलिन्, "ए हजुर भोलि हामी पोखरा घुम्न जाम् न ?" लोग्नेले राधाको प्रस्ताव सहज रूपमा लिए । उति खेरै मोबाइलबाट प्लेनको टिकट लिए । माघे संक्रान्तिको दिन उनीहरू पोखरा जानको लागि चढेको यति एयरलाइन्सको प्लेन दुर्घटना भयो । दुवै जनाको एउटै चिहान भयो । कल्पना नगरेको दुखद घटना घट्यो । जेठो छोरो अमेरिकाबाट सपरिवारसहित आमाबुवा मरेको नौ दिनमा नेपाल आइपुग्यो । कान्छोको परिवार ११ दिनसम्ममा आइपुग्यो । उनको घरमा श्रद्धाञ्जली दिने मानिसहरूको जुलूसै उर्लेर आयो । १३ दिनसम्म निकै चहलपहल भयो घर । त्यसपछि घरमा माखो पनि घुमेन । आमाबुवाले उपभोग गर्दै आएको पुर्खौली सम्पत्ति आधा मूल्यमा बेचेर एक महीना भित्रमा दुवै छोरा आआफ्नो देशतिर लागे । राधा र घनश्याम बितेको १० वर्षपछिको कुरा हो । एक दिन एक्कासि जेठो छोराको मोबाइलमा नेपालबाट फोन आयो । कान्छो छोरोकोमा पनि आयो । त्यो फोन नेपाल राष्ट्र बैंकको केन्द्रीय कार्यालयबाट आएको थियो । बैंकको हाकिमले फोनमा जेठो छोराको नाम करोडौं रुपैयाँ भएको बताए । कान्छो छोराको नाममा पनि करोडौं रुपैयाँ भएको बताए । उसै दिन दुवै छोराहरू नेपाल हानिए । बिना योजना दुवैको एक्कासि बैंकमा भेट भयो । दुवै अचम्ममा परे । खातामा हेर्दा कान्छाको भन्दा जेठोको खातामा डबल पैसा रहेछ ।


भ्रष्टाचार गरेर कमाएको पैसा छोराहरूको खातामा जान थाल्यो । उनीहरूलाई त्यो पैसाको कहिले जरूरत परेन । प्रति महीना लाखौं लाख जम्मा गर्थे । कहिले पनि कति जम्मा भयो भनेर बैंकमा सोध्न गएनन् । दिनहरू बित्दै गए । १२ पासपछि घरपरिवार, आमाबुवा, धनसम्पत्ति केही नभनी जेठो छोरो आयाम अमेरिका हानियो । केही वर्षपछि कान्छो छोरो आभास अस्ट्रेलिया भासियो । दुवै छोराले उतै विवाह गरे । उतै छोराछोरी जन्माए । सदाको लागि उतै बस्न थाले । पैसाले मानिसलाई कहिले पुग्दैन भनेझैँ छोराहरू विदेश गए पनि भ्रष्टाचार गरिरहे । माघे संक्रान्ति घरघरमा आइसकेको थियो । विशेषगरी थारू बस्तीमा खुशीको रौनक छाइसकेको थियो । उनीहरूको अफिस भने तीन दिनको लागि बिदा भयो । पुस मसान्तको दिन थियो । राधा भान्सामा तल्लीन थिइन् ।कान्छो छोरोकोमा पनि आयो । त्यो फोन नेपाल राष्ट्र बैंकको केन्द्रीय कार्यालयबाट आएको थियो । बैंकको हाकिमले फोनमा जेठो छोराको नाम करोडौं रुपैयाँ भएको बताए । कान्छो छोराको नाममा पनि करोडौं रुपैयाँ भएको बताए । उसै दिन दुवै छोराहरू नेपाल हानिए । बिना योजना दुवैको एक्कासि बैंकमा भेट भयो । दुवै अचम्ममा परे । खातामा हेर्दा कान्छाको भन्दा जेठोको खातामा डबल पैसा रहेछ ।
कान्छोले सबै पैसा बराबरी बाँड्ने कुरा गर्‍यो तर जेठोले जसको खातामा जति छ, त्यसले त्यति मात्रै पाउनुपर्छ भन्ने आशय बतायो । बाबुआमाले जम्मा गरिदिएको हुनाले आफूले भाइको आश पनि नगर्ने र आफ्नो पनि नदिने निर्णयमा पुग्यो ।

कान्छोले सबै पैसा बराबरी बाँड्ने कुरा गर्‍यो तर जेठोले जसको खातामा जति छ, त्यसले त्यति मात्रै पाउनुपर्छ भन्ने आशय बतायो । बाबुआमाले जम्मा गरिदिएको हुनाले आफूले भाइको आश पनि नगर्ने र आफ्नो पनि नदिने निर्णयमा पुग्यो । दिनभरि दुई भाइको खूब विवाद चल्यो । पुसमाघका छोटा दिन थिए । साँझको ६ :०० नबज्दै झमक्क रात पर्‍यो । दुवै भाइ बास बस्न एउटै होटलमा छिरे । राती सुतेको वेला भाइले दाइको घाँटी अँठ्याएर मार्‍यो । ऊ बिहानै कुलेलम ठोक्दै थियो । पुलिसले समातिहाल्यो । लामो अनुसन्धानपछि भाइलाई अदालतले आजीवन कारागारको सजाय तोकियो ।

*-साहित्यपोस्ट डटकम*

निबन्ध — ज्ञानेन्द्र विवश

## हिउँदे जाडो र फूलहरूको सौन्दर्य



चिसो हिउँदे बिहान, जब आकाशको छेउछाउमा सुनौलो झल्को मेटिने र ब्युँझने गर्छ, एउटा शान्त शून्यताले वातावरणलाई घेर्छ । यो शून्यता कुनै बोझिलो मौनता होइन । यो शून्यता हो– संसारलाई केही समयको लागि रोक्ने प्रकृतिको प्रयास । शुष्क चिसो हावाको स्पर्शले कठ्याङ्ग्रिएको शरीरलाई मूर्तिवत ठिङ्ग उभिन लगाउँछ । मन भने सुशान्त आकाशको अप्रतिम सौन्दर्यमा हराउँछ ।यस कठ्यांग्रिएको वातावरणमा अर्गानिक कफीको स्वाद र बाफले मनमा न्यानो लहर ल्याउँछ । त्यो मस्त बाफले चिसोका कुहिरोलाई केही पलका लागि भगाउँछ । जीवनको एउटा सरल तर गहन क्षणलाई उजागर गर्छ । कफीको चुस्कीसँगै मगमगाउँदै आउनुपर्ने फूलको आनन्दित वासना चिसो बताससँगै बतासिएर गए जस्तै लाग्छ । यसो आँखा लगाउँछु जाडोले गमलामा रोपिएका फूल फुल्न नसकेर त्यत्तिकै कक्रिएका छन् । हलक्क हुर्किन नसकेर जिग्रिङ्ग परेका फूलका कोपिलाहरू देखेर फूलको जीवनप्रति माया जाग्छ । कहाँ वासना उडेर जानु बिचरा फूल त फुल्न नसकेर जन्म र मृत्युको दोसाँधमा छटपटाइरहेको देख्छु । यस्तो दृश्य देखेर म आफैँ हैरान हुन्छु । फूलहरूको सुवासले मनमा उत्साह थप्छ । प्रकृतिले दिएको त्यो सानो संसारमा हराउँदा, हरेक पातमा, हरेक सुगन्धमा जीवनको मिठास झल्किन्छ । यस्तो वातावरणमा, प्रेमको न्यानो आग्रहले मुटुको कुनाकुनामा बास बस्छ । त्यो प्रेम, जुन आह्लादित आलिंगनको रूपमा छरिन्छ । त्यसले मानव फदयलाई सिञ्चिन गरिरहन्छ । प्रेमले मात्र जीवनको सुषुप्त कणहरूलाई जागृत गरिदिन्छ । त्यही शुष्कपनले जीवनलाई ओइल्याउन खोज्छ । यो प्रेम कुनै सीमामा बाँधिएको हुँदैन । यसले जीवनका हरेक सूक्ष्म र गहन भागहरूलाई अछुतो राख्दैन । पानीको प्रवाहले बाँझो माटोलाई उर्वर जीवन प्रदान गर्छ । र, हरियालीको सुगन्धले भर्छ । प्रेमले पनि कठोर मनलाई कोमलताको गहिराइमा लैजान्छ । यो तृप्तता केवल बाहिरी सौन्दर्यमा होइन, भित्री जीवनका अनन्त तहहरूमा अनुभव गरिन्छ ।चिसो हावाको राग र कफीको बाफसँगै त्यो प्रेमको धुन मनमा गुञ्जिरहनु, जीवनको पूर्णता हो । हामी सबैलाई हिउँदका कठ्यांग्रिएको चिसो क्षणमा एउटा यस्तो न्यानो स्पर्शको आवश्यकता छ । यसले हामीलाई समयको कठोर चक्रबाट मुक्त गरिदियोस् । हामीले सोच्न बाँकी नै राखेका छौँ– त्यो तृप्तिले हामीलाई साँच्चै पूर्ण बनाउँछ । अझै कतै गहिराइमा पुग्न बाँकी छ । त्यो न्यानो प्रेम, जो फदयका प्रत्येक कोषमा सिञ्चित हुँदै जीवनलाई पूर्णताको दिशामा लैजाने शक्ति हो । हिउँदे जाडोको आगमनसँगै प्रकृतिले आफ्नो रूपान्तरणको प्रक्रिया सुरु गर्छ । यस मौसमले चिसो हावा, बाक्लो हुस्सु र कठोर तुषारोको माध्यमबाट आफ्ना सबै रङ र रौनकलाई एकत्रित गर्दै एक प्रकारको मौनता छर्छ । यो मौनता वातावरणमा सीमित रहँदैन । यो प्रकृतिका सबै तत्त्वमा प्रकट हुन्छ । यो याममा रङ्गीन फूलहरूले आफ्नो सौन्दर्य गुमाउँछन् । जहाँ गर्मीयाममा ती फूलहरू सुगन्धित हाँसोमा रमाउँथे, अहिले ती ओइलाएका छन्, चुपचाप र निर्जीव । फुल्न नसक्ने यिनीहरू आफ्नो अस्तित्वलाई बचाउन संघर्षरत छन् । हिउँदे जाडोको आगमनसँगै प्रकृतिले आफ्ना रङहरू फेर्छ । जाडोले मात्र शरीरलाई होइन, फदयलाई पनि स्पर्श गर्छ । यस मौसमको सौन्दर्य प्रकृतिको गहिरो कोखबाट निस्किएको कविताजस्तो लाग्छ । यस समयमा हरियालीको छाल हराए पनि नयाँ जीवनको संकेतस्वरूप प्रकृति आफ्ना विशेष फूलहरू लिएर आउँछ । हिउँले ढाकेको पर्वत शृंखला, धुनी मान्ने घाटीहरू र ओसिलो हावा सबैले यो मौसमलाई आृनो बनाउँछन् । बिहानपख जब सूर्यका किरणहरू हिमालका चुचुराहरूमा पर्छन्, तब देखिने सुनौलो प्रकाश मानौँ, प्रकृतिको सिउँदो सजाइएको छ । यस्ता दृश्यले हाम्रो मनमा आशा र सौन्दर्यको भाव जगाउँछ । तथापि जाडो मात्र हिमाल र हिमपातको होइन । जाडो याममा पनि फुल्न सक्ने फूलहरू पनि छन् । हिउँको सेतो चिसोपनमा पनि रङ्गीन मुस्कान ल्याउँछन् । यी फूलहरू प्रकृतिले जाडोको कठोरतालाई नरम बनाउन सजाएका कोमल उपहार हुन् । एउटा उदास र चिसो मौसममा फूलहरूले जीवनलाई रङ्गीन बनाउने अद्भुत शक्ति राख्छन् । हिउँदे बिहानको शीतल वातावरणमा कफीको कप लिएर, झ्यालबाट बाहिर हेर्दा देखिने दृश्यहरू विशेषत: प्रेरणादायक हुन्छन् । यो सौन्दर्य आँखाले हेर्ने मात्र होइन, मनले अनुभूति गर्ने हो । चिसो हावामा घुलेर फैलिने फूलहरूको सुगन्ध र चिसो हावाको हल्का स्पर्शले मनलाई ताजापनको आभास दिन्छ । सौन्दर्य आँखाले देख्ने भौतिक वस्तुको परिधिमा मात्र सीमित हुँदैन । यो मनले महसुस गर्ने गहिरो अनुभूतिको नाम हो । प्रकृतिमा पाइने सौन्दर्य र मानव फदयमा पाइने सौन्दर्य एकअर्काका पूरक हुन् । बाहिरी संसारको रूप र रङले मात्रै मानिसलाई आकर्षित गर्दैन । अन्तत: त्यसले फदयलाई छोएर जाने कुनै गहिरो संवेदनाको प्रस्फुटन गर्छ । चिसो हावामा बग्ने फूलहरूको सुगन्धलाई नै हेरौँ । त्यो सुगन्ध आँखाले देखिँदैन । तर त्यसले हामीलाई आफ्नै उपस्थितिमा एक प्रकारको आनन्दको अनुभूति गराउँछ । त्यो सुगन्धले मनलाई ताजा बनाउँछ । थकाइ मेटाइदिन्छ । जीवनप्रतिको दृष्टिकोणलाई सकारात्मक बनाउँछ । वास्तवमा त्यो सुगन्ध प्रकृतिको आत्मा हो । जसले हामीलाई देखाउँछ कि सौन्दर्य महसुस गर्ने कुरा हो । प्रकृतिको एक रूपबाट अर्को रूपमा पाइला फड्को मार्दै यात्रा गर्दा फरक सौन्दर्य देख्न र महसुस गर्न सक्छौँ । हरियो बोटबिरुवा, हिमालको श्वेत रङ, खोला र झरनाका झरझर आवाज, चरा चिरबिराएका मधुर ध्वनि यी सबैले हाम्रो जीवनमा सौन्दर्यको अर्थ थप्छन् । यी सबैले मनमा शान्ति र सुखद अनुभूति सिर्जना गर्छन् । सत्य कुरा यही हो– सौन्दर्य भौतिक वस्तु होइन । यो प्रेम, करुणा, दया र आत्मीयता जस्ता गुणहरूमा पनि भेटिन्छ । एकजना आमाको काखमा सुतिरहेको बच्चा, एक मित्रको मुस्कान अथवा एकजना अपरिचित व्यक्तिको सानो सहयोगमा पनि सौन्दर्य हुन्छ । यस्ता क्षणहरू आँखाले देख्न सक्दैनौँ । तर आत्माले महसुस गर्न सकिन्छ । त्यसैले सौन्दर्य बाहिरी रूपरङ वा बनावटमा मात्र सीमित रहने कुरा होइन । यो हाम्रो फदयको संवेदनशीलता, हाम्रो मनको निर्मल पाटो र हाम्रो आत्माको पवित्रतामा अवस्थित हुन्छ । चिसो हावासँगै मिसिएर बग्ने फूलहरूको सुगन्धले जीवनमा नवीन उमङ्ग र आनन्द प्रवाह गर्छ । वास्तवमा जीवनमा पाएको स-साना सौन्दर्यका क्षणले पनि हाम्रो मनलाई आनन्दित बनाउँछ । सौन्दर्यको वास्तविकता बुझ्न आँखालाई मात्रै होइन, मन र आत्मालाई पनि खुला राख्नुपर्छ । मूलत: संसारलाई आत्मीय दृष्टिले हेर्न सक्ने क्षमताले मात्र हामीलाई वास्तविक सौन्दर्यको अनुभूति गराउँन सक्छ ।अत: सौन्दर्य मनको अनुभूति हो । बाहिरी आँखाले देखिनेभन्दा भित्री मनले महसुस गर्ने कुरामा यसको वास्तविकता झल्किन्छ । जाडोको सौन्दर्यमा एउटा गहिरो जीवनदर्शन पनि लुकेको हुन्छ । जस्तो कि, कठोरता र कठिनाइका क्षणमा पनि कोमलता र सुन्दरताको खोजी गरिनुपर्छ । प्रकृतिले हरेक जाडोमा हामीलाई यही पाठ सिकाउँछ । हिउँले जमेको धर्तीलाई सुन्दरतामा बदल्ने फूलहरूको साहस र सन्देशले मानव जीवनमा आशा र प्रेरणा थप्छ । यसरी हिउँदे जाडो र फूलहरूको सौन्दर्य केवल बाहिरी दृश्यको कुरा मात्र होइन, यो भावनाको एउटा सम्पूर्ण संसार हो । यो मौसमले हाम्रो फदयलाई समृद्ध बनाउने र जीवनको गहिरो मर्म बुझ्ने अवसर प्रदान गर्छ । हिउँको सेतो परिवेश र फूलहरूको रङ्गीन मुस्कानले जीवनलाई उल्लासमय आवरणमा अवतरित गरिदिन्छ । फूलको सुन्दरताको अनुपस्थितिमा मनुष्यका भावनाहरू पनि स्तब्ध रहन्छन् । मायालु मनहरूले ती फूलहरूलाई खोज्छन् । तर जतातत्तै मौनता मात्र छ । रङ्गीन प्रकृतिको अभावले मानिसको मन पनि गहिरो सोचमा डुब्छ । जहाँ गर्मीयाममा प्रकृतिका कण-कण रमाउँथे, त्यहाँ अहिले चिसो मौसमले सबैलाई थिचेको हुन्छ । भँवराहरूको भुनभुन सुन्ने चाहनामा वातावरणमा मौनताको हावाले कुनै संकेत दिँदैन । ती भँवराहरू, गर्मी मौसममा फूलहरूसँग नाच्थे । फूलहरूका कोमल स्वप्निल रङहरूमा रमाउँदै चुम्थे । तिनै फूलका रस चुस्थे । अहिले फूलहरू पनि फुल्न नसकेर चुपचाप र मौन छन् । यस मौनता र शून्यतामा हुस्सुले ढाकेको चिसो प्रकृतिको दृश्यले दु:ख झल्काउँछ । जतातत्तै तुषारोले ढाकिएको भू-भागले मानौँ प्रकृतिले आफ्नो आँसु पोखिरहेजस्तो लाग्छ । यद्यपि हिउँदे जाडोले सधैँ दु:ख मात्र ल्याउँदैन । यो प्रकृतिको एउटा विश्रामको समय हो । यो मौनता, यो ओइलाउने क्रम र यो स्थिरता आफैँमा नयाँ जीवनको तयारी हो । हिउँदको कठिनाइपछि वसन्तको आगमन हुन्छ, जसले प्रकृतिलाई पुन: जीवन्त बनाउँछ । ओइलाएका फूलहरू फेरि हाँस्नेछन् । भँवराहरू फेरि फूलका वरिपरि झुम्मिन आउनेछन् । फूललाई मायाले म्वाई खाँदै, रस चुस्दै नाच्नेछन् । र, मायालु मनहरूले फेरि प्रकृतिको रङ्गीन स्वरूप तथा सुगन्धित वातावरणको आनन्द उठाउनेछन् । यसरी हिउँदे जाडो र तुषारोको कठोरता भोगेपछि मात्र हामी वसन्तको महत्त्वलाई बुझ्न सक्छौँ । प्रकृतिको यो चक्रले हामीलाई जीवनको यथार्थ बुझाउँछ- संकटपछि सम्भावना, दु:खपछि आनन्द र मौनतापछि सुमधुर संगीत । वास्तवमा जीवनको सुन्दरता यही हो ।

*-रातोपाटी डटकम*

# हत्या गरेको अभियोगमा एक युवक पक्राउ



**रूपन्देही,** माघ ४/हत्या गरेको अभियोगमा रुपन्देहीमा एक युवक पक्राउ परेका छन् । जिल्लाको सियारी गाउँपालिका-७ हिरागंजस्थित न्यू कामना ईटा उद्योगमा काम गरी बस्ने भारत गोरखपुर जगल-६ घर भएका ४० वर्षीय निष्ठुरी केवटको हत्या गरेको अभियोगमा युवक पक्राउ परेका हुन् । पक्राउ पर्नेमा सियारी गाउँपालिका-६ वर्दहवा बस्ने २४ वर्षीय कृष्ण केवट रहेका छन् ।

प्रहरीले उनलाई बिहीबार राति प्रहरीले पक्राउ गरेको हो । उनीहरू बीच एकआपसमा झै-झगडा भई कुटपिट हुँदा गम्भीर घाइते भएका निष्ठुरीको लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा उपचारको क्रममा मृत्यु भएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ । घटनाको विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## पुसमै पाक्यो...

...यहाँ पुसको तेस्रो हप्तादेखि काफल पाक्न थालेको हो । जलवायु परिबर्तनका कारण यस्तो समस्या देखिने गरेको तुलसीपुर उपमहानगरपालिकाका कृषि महाशाखा प्रमुख धनराज गौतमले बताए । उनका अनुसार चिसो मौसममा १० डिग्रीभन्दा कम तापक्रम नहुँदा यसरी अगाडि नै काफल पाकेको उनको भनाइ छ । 'यस वर्ष १० डिग्रीभन्दा कम तपक्रम नै भएन', उनले भने, 'यसको प्रभावले पनि छिट्टै काफल पाकेका हुन् ।'मयभन्दा ढिलो र छिटो हुने गौतमको भनाइ छ । बिरुवामा पातको मुना आउने र फूलको मुना आउने आ-आफ्नै समय हुने गरेको भए पनि यसपटक सँगसँगै पातको मुना र फूलको मुना आउँदा पनि त्यस्तो प्रभाव परेको हुनसक्ने उनको भनाइ छ ।

*-रासस*

## अवैध लागूऔषध...

...यस्तै उदयपुर बेलका नगरपालिका-८ सिर्वानीबाट अवैध लागूऔषधसहित एक जनालाई प्रहरीले पक्राउ गरेको छ । करिब ३ किलोग्राम गाँजासहित भोजपुर आमचोक गाउँपालिका-१ वासिङ्थर्पुका २५ वर्षीय दाजुङ्ग शेर्पालाई प्रहरीले पक्राउ गरेको हो । अस्थायी प्रहरी पोष्ट कोठुबाट खटिएको प्रहरीले मायुङ्गटारबाट ईटहरीतर्फ जाँदै गरेको को.१ ज ३४९९ नम्बरको बोलेरोलाई जाँच गर्ने क्रममा उक्त गाँजा फेला पारी चालक शेर्पालाई पक्राउ गरेको हो । यसैगरी कैलालीको धनगढी उपमहानगरपालिका-३ शिशा पोष्ट नजिकबाट अवैध लागूऔषधसहित एक जना पक्राउ परेका छन् । ब्राउनसुगर जस्तो देखिने पदार्थ १ ग्राम ३ सय ८० मिलिग्राम सहित सोही उपमहानगरपालिका-१३ का २० वर्षीय रमेश रानालाई प्रहरीले पक्राउ गरेको हो । जिल्ला प्रहरी कार्यालय कैलालीबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । यसैगरी कैलालीको धनगढी उपमहानगरपालिका-३ बोराडाँडीबाट अवैध लागूऔषधसहित एक जनालाई पक्राउ गरेको छ । खैरो हेरोइन जस्तो देखिने पदार्थ २ सय ३० मिलिग्राम सहित सोही उपमहानगरपालिका-३ का २९ वर्षीय गोबिन्द सिहं महरालाई प्रहरीले पक्राउ गरेको हो । जिल्ला प्रहरी कार्यालय कैलाली समेतबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । यस्तै झापाको मेचीनगर नगरपालिका-६ पुरानो मेचीपुलबाट अवैध लागूऔषधसहित एक जनालाई प्रहरीले पक्राउ गरेको छ । खैरो हेरोइन जस्तो देखिने पदार्थ २ ग्राम ३ सय ६० मिलिग्राम सहित पाँचथर फिदिम नगरपालिका-१३ बस्ने ३० वर्षीय सनम राईलाई प्रहरीले पक्राउ गरेको छ ।

लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय काँकरभिट्टाबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ आउँदै गरेको सिटी सफारीमा सवार उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो ।

**तानसेन नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**तानसेन, पाल्पा**
**लुम्बिनी प्रदेश, नेपाल**

## भुल सुधार सम्बन्धी सूचना

**मिति: २०८१/१०/०५**

यस तानसेन नगरपालिकाको मिति २०८१/०९/२८ गते प्रथम पटक प्रकाशित मेला महोत्सव सञ्चालन सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचनाको पहिलो प्याराग्राफमा "तानसेन नगरपालिकाको आन्तरिक आय तथा (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि २०८० को परिच्छेद २ को दफा ३ बमोजिम तानसेन नगरपालिका वडा नं. ६ मा पर्ने टुँडीखेल मैदानको निर्धारित क्षेत्र भित्र मेला महोत्सव सञ्चालन गर्न चाहाने संघ संस्था/फर्म/कम्पनीको लागि ३० दिनको म्याद राखि यो वोलपत्र आह्वानको सूचना प्रकाशन गरिएको छ । योग्य, ईच्छुक संघ संस्था/फर्म/कम्पनीले निर्धारित समय भित्र रित पुर्वक बोलपत्र पेश गर्नु हुन अनुरोध छ ।" हुनु पर्नेमा अन्यथा हुन गएकोले भुल सुधार गरी सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तानसेन नगरकार्यपालिकाको कार्यालय**
**तानसेन, पाल्पा**

खेलकुद समाचार

## महिला क्रिकेटमा लुम्बिनीको पहिलो जीत



**काठमाडौं,** माघ ४/प्रधानमन्त्री कप महिला टी-२० राष्ट्रिय क्रिकेट प्रतियोगितामा लुम्बिनी प्रदेशले गण्डकी प्रदेशलाई ६ विकेटले हराएको छ । प्रतियोगितामा लुम्बिनीको यो पहिलो जीत हो । गण्डकीले दिएको ९८ रनको लक्ष्य लुम्बिनीले १६ ओभर २ बलमा ४ विकेट गुमाएर भेटायो । लुम्बिनीकी सरस्वती पुनले नटआउट ३१ रन बनाइन् । गण्डकीकी अपेक्षा बुढाथोकीले २ विकेट लिइन् । यसअघि टस जितेर ब्याटिङ गरेको गण्डकीले २० ओभरमा ४ विकेट गुमाएर ९७ रन बनायो । गण्डकीकी सलिना सेनले नटआउट ३३ रन बनाइन् । लुम्बिनीकी मनीषा रानाले २ विकेट लिइन् । यो जीतसँगै लुम्बिनी ३ खेलमा ३ अङ्कसहित तालिकाको तेस्रो स्थानमा उक्लिएको छ । गण्डकी ४ खेलमा १ अङ्कसहित चौथो स्थानमा छ ।

**वर्गिकृत डिस्प्ले**

*१X५ साइजमा मात्र*

**वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।**

सम्पर्क: ०७५-५२०६०१

अर्थ /कर्पोरेट समाचार

## १८ बैंकको ब्याजदर स्थिर




**पाल्पा,** माघ ४/१८ बैंकहरुले ब्याजदर स्थिर राखेका छन् । माघ महिनाका लागि २० मध्ये १८ बैंकले व्यक्तिगत मुद्दति निक्षेपमा दिँदै आएको अधिकतम ब्याजदर यथावत् राखेका हुन् ।

नेपाल एसबीआई र कृषि विकास बैंकले भने ब्याजदर घटाएका छन् । नेपाल एसबीआईले पुसमा ६ प्रतिशत रहेको ब्याजदर माघका लागि अधिकतम ५ दशमलव ५ प्रतिशत कायम गरेको छ । यस्तै कृषि विकास बैंकले पुसमा ५ दशमलव ५७ प्रतिशत रहेको ब्याजदर माघका लागि ५ दशमलव ५१ प्रतिशत कायम गरेको छ । माघमा व्यक्तिगत मुद्दति निक्षेपमा सबैभन्दा धेरै ब्याजदर दिने बैंकमा एनएमबि र एनआईसी एसिया छन् । दुवै बैंकले ६ दशमलव ६ प्रतिशत ब्याजदर दिने भएका हुन् । आर्थिक वर्ष तेस्रो त्रैमासदेखि ब्याजदर केही परिवर्तन हुने अपेक्षा भए पनि बैंकहरू तत्काल ब्याजदर बढाउने पक्षमा नरहेको देखिन्छ । अहिले पनि बैंकिङ प्रणालीमा ३ खर्बभन्दा धेरै अधिक तरलता भएर राष्ट्र बैंकले प्रशोचन गर्नुपर्ने अवस्था छ । कर्जा मागमा ठूलो परिवर्तन भएको र दुई महिनापछि सरकारले पूँजीगत खर्च बढाउँदै जाँदा निक्षेपमा थप बढ्ने भएकाले चालु आव ब्याजदर बढी हाल्ने अवस्था नरहेको बैंकर बताउँछन् ।

## सुनचाँदीको मूल्य बढ्यो



**पाल्पा,** माघ ४/ शुक्रबार सुनचाँदीको मूल्य बढेको छ । सुनको मूल्य प्रतितोला एक हजार तीन सय र चाँदीको ५० ले बढेको हो ।

बिहीबार प्रतितोला एक लाख ५६ हजार छ सयमा कारोबार भएको सुन शुक्रबार प्रतितोला एक लाख ५७ हजार नौ सयमा खरिदबिक्री भएको नेपाल सुनचाँदी व्यवसायी महासंघले जनाएको छ । त्यस्तै, चाँदीको मूल्य प्रतितोला ५० बढेको छ । स्थानीय बजारमा चाँदी प्रतितोला एक हजार आठ सय ८० मा कारोबार भइरहेको भइरहेको छ ।

अन्तर्राष्ट्रिय बजारमा भने सुनको भाउ घटेको छ । शुक्रबार अन्तर्राष्ट्रिय बजारमा प्रतिऔंस सुनको मूल्य दुई हजार सात सय १४ दशमलव ९८ अमेरिकी डलरमा कायम भएको छ ।

मनको आवाज.............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई